# खार्पूनाथ गाउँपालिका

## स्थानीय-राजपत्र

खार्पूनाथ गाउँपालिका द्वारा प्रकाशित

खण्ड : १ संख्या : १ मिति :२०७८/०३/१०

प्रकाशित मिति :२०७८/०३/१०

# खार्पूनाथ गाउँपालिकमा कार्यरत कर्मचारीहरुको व्यवस्थापन गर्न बनेको ऐन, २०७८

खार्पूनाथ गाउँपालिका
याङ्चुवजार, हुम्ला
कर्णालीप्रदेश, नेपाल

सरकारी तथा अन्य सेवाबाट कर्मचारीहरुको समायोजन भई खार्पूनाथ गाउँपालिकामा कामकाज गर्न खटिए पश्चात साविकको स्थानीय निकायको सेवामा प्रवेश गरि हाल सम्म कार्यरत रहेका कर्मचारीहरुको बढुवा नहुदा स्थानीय सेवाका समग्र कर्मचारीहरुको वृत्तिविकास अवरुद्ध भएकाले त्यस्ता कर्मचारीहरुको र अन्य स्थानीय निकायवाट सरुवा समायोजन तथा पदस्थापना भएका कर्मचारीहरुको बढुवा तथा स्तरवृद्धि सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले खार्पूनाथ गाउँपालिकाको गाउँ सभाले यो ऐन वनाएको छ ।

१. **सक्षिप्त नाम र प्रारम्भ**(१) यस ऐनको नाम : **"खार्पूनाथ गाउँपालिका कर्मचारी व्यवस्थापन गर्न वनेको ऐन, २०७८"**
रहेको छ ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ ।

२. **परिभाषा**.विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यो ऐनमा,

(क) **"ऐन"**भन्नाले खार्पुनाथ गाउपालिकाको कर्मचारी समायोजन तथा

व्यवथापनमा सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ लाई सम्झनु पर्छ ।

(ख)**"कर्मचारी"**भन्नाले साविक स्थानीय निकायको रुपमा कार्यरत स्थानीय निकायकावाट नियुक्त र अन्य स्थानीय निकायवाट समायोजन हुदा बढुवा नभई खार्पूनाथ गाउँपालिका समायोजन भएका यो ऐन जारी हुँदाका बखत स्थायीसेवामा कार्यरत सम्झनु पर्छ ।

(ग) **"कार्यपालिका"**भन्नाले खार्पूनाथ गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

(घ) **"तोकिएको"**वा"तोकिए बमोजिम"भन्नाले यस ऐन र गाउँपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिएका कुरालाई सम्झनु पर्छ ।

(ङ)**"गाउँ सभा"**भन्नाले खार्पूनाथ गाउँसभालाई सम्झनु पर्छ ।

(च) **"प्रमुख प्रशासकीय अधिकृत"**भन्नाले स्थानीय सरकार सञ्चालनऐन,२०७४ को दफा ८४ वमोजिम नियुक्त गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ ।

(छ)**"स्थानीय सेवा"**भन्नाले खार्पुनाथ गाउँपालिकामा कार्यरत र अन्य स्थानीय निकायवाट समायोजन भई कार्यरत स्थायी कर्मचारीहरुको सेवा समुहलाई सम्झनु पर्छ ।

(ज)**"गाउँपालिका"**भन्नाले खार्पूनाथ गाउँपालिकालाई सम्झनु पर्छ ।

(झ)**"स्थानीय कानुन"**भन्नाले खार्पूनाथ गाउँपालिका वाट जारी गरिएका कानुनलाई सम्झनु पर्छ।

## ३. स्थानीय निकाय गाउँपालिका सेवाका कर्मचारीहरुको वढुवा गर्ने :

(१) साविकको स्थानीय निकायमा नियुक्तिभई स्थायी रुपमा कार्यरत सरुवा, समायोजन, पदस्थापना भएका र यो ऐन जारी हुदाका बखत गाउँपालिकामा कार्यरत स्थानीय सेवाका कर्मचारीहरुको बढुवा गरिने छ ।

(२) उपदफा(१) वमोजिम कम्तीमा ५ वर्ष स्थायी रुपमा कार्यरत समायोजन सरुवा र पदस्थापन भएका साविक स्थानीय निकायका कर्मचारीहरुको वढुवा देहाय बमोजिम हुनेछ ।

| क.स | साविकको तह | समायोजन, बढुवा पश्चात समायोजन हुने तह | पदको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | श्रेणी विहिन चौथो | श्रेणी विहिन पाचौँ | कार्यालय सहयोगी | |
| २ | खरिदार ( सहायक स्तर चौथो) | नायव सुव्वा (सहाय स्तर पाँचौ) | वडा सचिव | |
| ३ | नायव सुव्वा (सहाय स्तर पाँचौ) | अधिकृत स्तर छैठौ | शाखाअधिकृत | |
| ४ | लेखापाल (सहाय स्तर पाँचौ) | अधिकृत स्तर छैठौ | ले.अ. अधिकृत छैठौँ | |
| ५ | सब इन्जिनियर (सहाय स्तर पाँचौ) | इन्जि.अधिकृत स्तर छैठौ | इन्जिअधिकृत छैठौँ | |
| | शाखा अधिकृत (अधिकृत छैठौं) | अधिकृत स्तर सातौँ | वरिष्ठ प्रशासकिय अधिकृत | |

(३) उपदफा (२)वमाजिमको पदनाममा सम्बन्धित सेवा समुह जनाई पद नाम कायम हुनेछ

(४) यस दफा वमोजिम खार्पूनाथ गाउँपालिका स्थानीय सेवाका कर्मचारीहरु बढुवा गर्दा कायम हुने तलव निजले साविकमा खाईपाई आएको तलवभन्दा कमहुने भएमा ग्रेडथप गरी तलब मिलान गरिनेछ ।

(५)उपदफा (१)बमोजिम बढुवा स्वीकार गर्ने कर्मचारीहरुले वढुवा कायम हुने तहका निम्ति तोकिएको तलबमान र सुबिधाहरु प्राप्त गर्नेछन ।

(६) उपदफा (२) बमोजिमको बढुवा तथा तहबृद्धि सम्वन्धी प्राबधान एक पटकका लागि मात्र हुनेछ ।

४.**बढुवा पत्र दिने** : (१) यस ऐन बमोजिम बढुवा भए पश्चात गाउँपालिकाले स्थानीय सेवाका कर्मचारीहरुलाई प्रमुख प्रशासकिय अधिकृतले बढुवा भएको पदको बढुवा नियुक्तिपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१)बमोजिम दिइने पत्र अनुसुची १ बमोजिम हुनेछ ।

५. **पदस्थापना गारिने :**दफा ३ वमोजिम बढुवा भएका गाउँपालिकाका स्थानीय सेवाका कर्मचारीहरुलाई बढुवा पश्चात पदस्थापना गर्नु अघि स्वत पूल दरबन्दीमा कायम भएको मानिने छ । यसरी पूल दरबन्दीमा कायम भएका कर्मचारीहरुलाई पदस्थापना गर्नु पूर्व गरी आएको कामकाज गर्न वाधा पुगेको मानिने छैन ।

६. **संगठन तथा व्यवस्थापन :**गाउँपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गराई पूल दरबन्दीमा रहेका कर्मचारीहरुलाई उपयुक्त समुह र उपसमुहमा पदस्थापन गरिनेछ ।

७. **बढुवा भएका कर्मचारीहरुको सेवा सुविधा :**यस ऐन बमोजिम स्थानीय सेवाका कर्मचारीहरुको तलव तथा अन्य सुबिधा प्रचलित कानुनले तोके बमोजिम हुनेछ ।

८.**जेष्ठताको गणना :** (१) यस ऐन बमोजिम वढुवा कर्मचारीहरुको जेष्ठता बढुवा भएको मिति देखि गणना गरिनेछ ।

९. **आवश्य व्यवस्था मिलाईने :** यो ऐन कार्यान्वय नगर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा कार्यपालिकाले यो ऐनको प्रतिकुल नहुने गरी आवश्य व्यवस्था मिलाउन सक्नेछ ।

अनुसुची १
दफा ४ को उपदफा (२) संग सम्बन्धी
बढुवापत्र

पत्र संख्या :

चलानी नं : मिति :

**विषय : बढुवा नियुक्ति पत्र।**

श्री ................................
................................
खार्पूनाथ गाउँपलिका कार्यालय, हुम्ला ।

खर्पूनाथ गाउँपालिकाको कर्मचारी व्यवस्थापन गर्न वनेको ऐन, २०७८ बमोजिम यस कार्यालयको मिति २०७८/ / को निर्णयानुसार मिति ..........................देखि लागु हुनेगरी तपाईलाइ देहाय बमोजिम बढुवा नियुक्ति गरिएको छ । आफु लाई तोकिएको जिम्मेवारी प्रचलित कानुनको अधिनमा रही इमान्दारीपूर्वक सम्पाद नगर्नु हुनेछ भन्ने अपेक्षा गरिएको छ । बढुवा नियुक्ति पत्र पाउनु भएकोमा हार्दिक बधाई छ ।

तपसिल

| साविक पद, श्रेणी, तह र कार्यालय | बढुवा भएको पद, श्रेणी ,तह र कार्यालय |
|---|---|
| पद : | पद : |
| तह : | तह : |
| सेवा | सेवा |
| समुह : | समुह : |

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(स्थानीय तह कर्मचारी प्रशासन शाखा),सिंहदरवार, काठमाडौं ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,कर्णाली प्रदेश,सुर्खेत ।
श्री कर्मचारी सञ्चयकोष त्रिदेविमार्ग, ठमेल, काठमाडौं ।
श्री नागरिक लगानीकोष, नयाँवानेश्वर, काठमाडौं ।
श्री सावधिक जिवन विमा नयाँवानेश्वर, काठमाडौं ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,सिमकोट,हुम्ला ।
श्री खार्पूनाथ गाउँपालिका कार्यालय
(आर्थिक प्रशासनशाखा) याङचुवजार हुम्ला, ।

**आज्ञाले**

प्रमाणिकरण मिति : २०७८ अषाढ १० गते

चन्द्रविर शाही
प्रमुख प्रशासकीय अधिकृत